## निर्माण तथा ठेक्का व्यवस्थापन तथा CR-DRR विशेषता सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) द्वारा आयोजित **निर्माण तथा ठेक्का व्यवस्थापन तथा CR-DRR विशेषता सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम** २०८२ फागुन ५ गते सिमकोट गाउँपालिकामा सम्पन्न भयो।

गाउँपालिका अध्यक्षको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष, प्रमुख प्रशासनिक अधिकृत, पूर्वाधार, योजना, लेखा, जिन्सी तथा सूचना प्रविधि शाखाका प्रमुखहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। साथै सबै वडा कार्यालयबाट वडा प्राविधिकहरूको सहभागिता रह्यो।



कार्यक्रमको सहजीकरण **स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका प्राविधिक सहायता टोली**ले गरेको थियो।

अभिमुखीकरणको क्रममा निम्न विषयहरूमा विस्तृत छलफल तथा समीक्षा गरिएको थियो:

- LISP संग सहकार्यमा सञ्चालन भएका योजनाहरूको प्रगति समीक्षा
- योजना कार्यान्वयनमा देखिएका चुनौतीहरूको पहिचान
- निर्माण तथा ठेक्का व्यवस्थापनका प्रमुख पक्षहरू

- फिल्ड अनुगमनका क्रममा प्रयोग हुने OHS मापदण्ड, Monitoring Checklist र Site Inception Checklist

कार्यक्रमको अन्त्यतिर प्राविधिक शाखा प्रमुख इन्जिनियर सर्जन रावतले **तालिमलाई फिल्डमै प्रत्यक्ष रूपले अभ्यास गर्न सके प्रभाव अझै बढ्ने** टिप्पणी गर्नुभयो। त्यसैगरी उपाध्यक्ष श्रीमती शुसिला रोकायाले **अनुगमन समितिको क्षमता अभिवृद्धि गर्न परियोजनाबाट छुट्टै तालिम आवश्यक** रहेकोमा जोड दिनुभयो।

गाउँपालिका अध्यक्षले LISP सँगको सहकार्यको प्रशंसा गर्दै योजनाहरूको प्रगति, देखिएका चुनौती तथा तिनको समाधानका उपायहरूमा निरन्तर ध्यान दिन निर्देशन दिनुभयो। गत वर्षझैँ यस वर्ष पनि **नियत समयमा लक्ष्य हासिल गर्न गाउँपालिका प्रतिबद्ध रहेको** बताउँदै कार्यक्रम समापन गरिएको थियो।

